आज मिति २०८३ असार २५ गते विहान ११:०० बजे भेरीगंगा नगर कार्यपालिकाको १०४ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसि वेहायबमोजिमका निर्णयहरु पारित गरियो ।

<u>तपसिल :</u>

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख

श्री धनसरा बोहरा, नगर उप-प्रमुख

श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १

श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५

श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६

श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८

श्री ईश्वर बहादुर पोखेल, का.वा.वडा अध्यक्ष वडा नं. ९

श्री गोपाल बनगाडी, का.वा.वडा अध्यक्ष वडा नं. १०

श्री जय बहादुर नेपाली, अध्यक्ष वडा नं. ११

~~श्री राम बहादुर झाँगी, वडा अध्यक्ष वडा नं. १२~~

श्री रुद्रलाल गिरी, का.वा. वडाध्यक्ष १२

श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३

श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य

श्री सहविर महर, कार्यपालिका सदस्य

श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य

श्री गौमाया खत्री, कार्यपालिका सदस्य

श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य

श्री मानसिं परियार, कार्यपालिका सदस्य

श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य

श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य

श्री हरि बहादुर खत्री, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

<u>सहयोगी कर्मचारीहरु :</u>

श्री मान बहादुर ठाडा, लेखा अधिकृत

~~श्री सिता थापा, शाखा अधिकृत~~

श्री युवराज दपकोटा, लो.अ.

श्री सरिता हमाल, सूचना प्रविधी अधिकृत

श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत

श्री भुपेन्द्र पौडेल, सहयोगी

## मिति २०८३।०३।२५ गतेको नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १ : भेरीगंगा नगरपालिका वडा नं. ५ बबई क्षेत्रको सिमाङ्कन सम्बन्धमा ।**

**निर्णय नं. १. :** यस भेरीगंगा नगरपालिका वडा नं. ५ बबई क्षेत्रको सिमाङ्कनको सम्बन्धमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौको च. नं. १३८, मिति २०८३।०३।१२ गतेको पत्रमा लेखिएको व्यहोरा अवगत भयो साथै सोही विषयमा जिल्ला समन्वय समितिको कार्यालय सुर्खेतको च. नं. ५८९, मिति २०८३।०३।२४ गतेको पत्रमा लेखिएको व्यहोरा समेत अवगत भयो । सो सम्बन्धमा तपसिलबमोजिमका आधार, कारण एवं प्रमाणका आधारमा सुर्खेत जिल्ला भेरीगंगा नगरपालिका भित्र पर्ने बबई क्षेत्र र बर्दीया जिल्ला बाँसबढी नगरपालिकाको सिमानाको ट्रोपो म्याप संसोधनका लागि यस अघी नै प्रदेश सरकार हुँदै संघीय सरकारलाई समेत पत्राचार भई सकेकोमा पुनः उक्त सिमा समस्या समाधानका लागि अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**तपशिल**

१. कर्णाली प्रदेशको सिमाना सुर्खेत जिल्ला भेरीगंगा नगरपालिका वडा नं. ५ मा रहेको बबई नदीले छुट्याएको छ । बबइ नदी देखि उत्तरतर्फको सम्पूर्ण क्षेत्र (बबई हात्तिखाल, गेरुवानीलगायतका क्षेत्र जहाँ भेरी बबई बहुउद्धेश्यीय आयोजनाको निकास क्षेत्र पर्दछ) भेरीगंगा नगरपालिका वडा नं. ५ मा पर्दछ । उक्त क्षेत्रमा बर्षौं देखि बसोवास गर्दै आएका नागरिकहरुको नागरिकता प्रमाणपत्र, जग्गाधनी प्रमाणपत्र पुर्जा, मतदाता नामावली, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था लगायतका सबै प्रमाणहरु कर्णाली प्रदेशको सुर्खेत जिल्ला भेरीगंगा नगरपालिकाको वडा नं. ५ मा नै पर्दछन् भन्ने यथेष्ट प्रमाणहरु हुन् । यसर्थ उक्त क्षेत्रको सम्बन्धमा नेपाल सरकारले ट्रोपो म्याप मात्र संसोधन गरी लुम्बिनी प्रदेश र कर्णाली प्रदेशको सिमानामा रहेको बबई नदीसम्मको क्षेत्र छुट्याई आवश्यक सहयोग गरिदिन हुन सम्वन्धित निकाय, प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो । साथै गाउँपालिका तथा नगरपालिका र वडाको संख्या र सिमाना हेरफेर र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड २०८३ को परिच्छेद ३ (५) मा भएको व्यवस्था बमोजिम आवश्यक सहजिकरण समन्वय तथा निर्णयका लागि जिल्ला समन्वय समितिको कार्यालय सुर्खेतलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ : स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाको स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना स्वीकृत गरी लागू गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०३ : बाल कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३ सम्बन्धमा ।**

**निर्णय नं. ०३ :** यस भेरीगंगा नगरपालिकाको बाल कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३ कार्यपालिकामा पेश भई जानकारी प्राप्त भयो । उक्त कार्यविधीलाई आगामी कार्यपालिका बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ०४ : रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ०४ :** यस भेरीगंगा नगरपालिकाका तपसिलका वडामा सन्चालनमा रहेका देहायबमोजिमका योजना तथा कार्यक्रमको भुक्तानी हुने सम्बन्धमा छलफल हुँदा प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिल**

१. भेरीगंगा वडा नं. ४ हात्तीसुँडे दमार डिपबोरिङ सिचाई योजना